## खनिज ढिक्का के हो ?

पशुहरुको बृद्धि र विकासका लागि आवश्यक पर्ने खनिज परिपूर्ती गर्नका लागि चाहिने विभिन्न खनिज पदार्थहरु मिसाई बनाइएको ढिक्का नै खनिज ढिक्का (Mineral block) हो । यसमा रातो माटो, अण्डाको खोस्टा, मैदा वा पिठो, नुन लगायत अन्य खनिज पदार्थहरुको मिश्रण गरिएको हुन्छ । आवश्यक खनिज तत्वहरुको कमिका कारण पशुहरुको बृद्धि, विकासमा कमी देखिने गर्छ । जसका लागि खनिज ढिक्का बनाई पशुहरुलाई चटाउदा आवश्यक पर्ने खनिज तत्वहरु परिपूर्ती भै लाभदायी हुने गर्दछ । उग्राउने पशुहरुका लागि हिउँदको समयमा पशुको आहारामा खनिज तत्वको कमि हुने भएकाले खनिज ढिक्काको महत्व अझ बढी हुन्छ ।

## खनिजको कमिले पशुको शरिरमा देखिने लक्षणहरू :

- पशुको बृद्धि विकास राम्रो संग नहुने ।
- पशुहरुले खाएको खाना राम्रोसँग पचाउन नसक्ने ।
- पशुको शरिरमा रगतको मात्रा कमी हुने ।
- सययमै बाली नजाने वा प्रजनन् क्षमता कमजोर हुने ।
- पशुको शरिरमा रौँ को लीपी पनि मिलेको हुदैन ।
- पशुले माटो वा कागज खाने गर्दछ ।
- विभिन्न प्रकारको रोगहरु लाग्ने ।
- पशु लुलो लंगडो हुने वा, ज्वरो आउने हुन्छ ।

## खनिज ढिक्काको प्रयोगले के फाइदा हुन्छ ?

- खनिज ढिक्कामा भएको रातो माटोमा आईरन र अण्डाको खोस्टामा क्याल्सियम र फोस्फरस हुन्छ । जसको सेवनले पशुहरुमा रोगसंग लड्ने क्षमता प्रदान गर्नुको साथै दुध र मासुको परिमाण १५ देखि २० प्रतिशत सम्म बढाउन मद्दत गर्दछ ।
- बाली नजाने वा ढिलो बाली जाने पशुहरुमा बाँझोपन हटाई पशुहरुको प्रजनन् क्षमता वृद्धिमा सहयोग पुर्‍याउछ ।
- पशुहरुले खाने रेसादार वा सुख्खा घाँसपातहरु सहजै पचाउन मद्दत गर्दछ ।
- पशुहरुको उग्राउने क्षमता वा इन्जाईमको परिमाण बढाउन सहयोग पुर्‍याउछ ।
- पशुहरुको पेटमा हुने हानिकारक जीवाणुहरु नष्ट गरी सहजै बृद्धि विकासमा मद्दत गर्दछ ।

## खनिज ढिक्का बनाउनका लागि आवश्यक सामाग्रीहरू :

- अण्डाको खोस्टा - ५ वटा
- रातो माटो - १ के.जी.
- नुन - १ के.जी.
- मैदा वा पिठो - आधा के.जी.
- पानी - आवश्यकता अनुसार

**नोटः** माथि उल्लेखित सामाग्री खनिज ढिक्काका लागि आवश्यक सरदर अनुपात हो । यसमा पशुको संख्या र आवश्यक खनिज ढिक्काको परिमाण अनुसार सामाग्रीहरु थपघट र अन्य खनिज तत्वहरु पनि थप्न सकिन्छ ।

## खनिज ढिक्का बनाउने तरिका :

१. माथि उल्लेखित आवश्यक सामाग्रीहरु संकलन गर्ने,

२. अण्डाको खोस्टालाई पिस्न सजिलोका लागि भाँडोमा राखी तताउने वा आगोमा सेक्ने र धुलो हुने गरी पिस्ने,

३. रातो माटोलाई पनि मसिनो गरी पिस्ने,

४. तयार गरिएको सबै सामाग्रीहरुः रातो माटो र अण्डाको धुलो, नुन, मैदा वा पिठोलाई आवश्यकता अनुसार पानी राखी रोटी बनाउनका लागि पिठो मिसे जस्तै गरी राम्रो संग मिस्ने,

५. चित्रमा देखाए झै आवश्यकता अनुसार सानो ठुलो आकारमा ढिक्का बनाउने,

६. डोरी लगाएर झुण्डाउन सजिलोका लागि ढिक्काको बिचबाट प्वाल बनाउने,

७. चर्को घाँममा सुकाउदा चर्किने सम्भावना हुने भएकाले उक्त ढिक्कालाई २ दिन सम्म शितल ठाउँमा र त्यसपछि थप २ दिन घाँममा ओल्टाई पल्टाई राम्ररी सुकाउने,

८. यसरी खनिज ढिक्का पुर्ण रुपमा तयार भईसकेपछी पशु बस्तुले पुग्ने ठाउँमा झुन्डाएर चटाउन सकिन्छ र एक पटक तयार गरिएको खनिज ढिक्का ६ महिना सम्म भण्डारण गरी प्रयोग गर्न सकिन्छ ।



## खनिज ढिक्का प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु :

- शुरु-सुरुमा पशुहहरुलाई लाई बानि पार्न अलि गाह्रो हुने भएकाले आफैले चटाउने कोशिस गर्नु पर्दछ ।
- खनिज ढिक्का नुनिलो हुने भएकाले सुरुमा पशुले चपाएर फुटाउन सक्दछन । जसका लागि ढिक्काको आकार बनाउदा मोटाई बढी भएको र झुन्डाउदा अलिक चाट्न मात्र मिल्ने गरी राख्नुपर्दछ ।
- खनिज ढिक्का राम्रो सँग सुकाएर मात्र प्रयोग गर्नु पर्दछ ।
- नुनको मात्रा बढी हुने भएकाले पशुलाई बढी तिर्खा लाग्ने हुँदा प्रशस्त मात्रामा पानी खुवाउनु पर्दछ ।
- खनिज ढिक्का पशुलाई दैनिक ३०० ग्राम भन्दा बढी चाट्न दिनु हुँदैन ।
- पशुहरुको पाचन क्षमता बृद्धि हुने भएकाले पराल, ढोड, नल जस्ता सुख्खा आहारा सकेजति खान दिनु पर्दछ ।
- उपलब्ध भएसम्म हरियो घाँसपात लगायत अन्य आहारा पनि खुवाउनु पर्दछ ।

सहास-नेपाल
SAHAS-Nepal
27 YEARS WITH COMMUNITY
पोष्ट बक्स : ८९७५, ई.पी.स. : १५९०, ललितपुर, नेपाल
फोन नं. : ९७७-१-५९०५६७०, ५९०५६७१, ईमेल : info@sahasnepal.org.np
www.sahasnepal.org.np